# त्रिशूली प्रवाह

साप्ताहिक

प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत

वर्ष : २४ अंक : ४ २८ वैशाख २०८० (May. 11, 2023) बिहीबार website : www.trishuliprawaha.com.np पृष्ठ ६ मूल्य रु. १०/–



Sujim Bazar


सबैको लागि!

COLONY -9 TRISHULI BAZAR


## रसुवा, नुवाकोट र धादिङ भएर बग्ने

# त्रिशूली नदी जलविद्युत्को हब !

विदुर/ रसुवा र नुवाकोट भएर बग्ने त्रिशूली नदी धार्मिक नदीको रूपमा रहेको थियो। तर, अहिले विज्ञान र प्रविधिको विकासले त्रिशूली नदी सेतो सुनमा परिणत भएको छ। पछिल्लो समय यो नदी जलविद्युत् 'हब' बनेको छ। त्रिशूली नदीमा सरकारी र निजी क्षेत्रले पहिचान गरी अघि बढाएको सात सय ७१ मेगावाटभन्दा बढी क्षमताका विद्युत् आयोजना निर्माणका विभिन्न चरणमा रहेका छन्।



बागमती प्रदेशको रसुवा, नुवाकोट, धादिङ र चितवन भएर बग्ने त्रिशूली नदी, खानेपानी र सिँचाइबाहेक विद्युत् उत्पादन र पर्यटन प्रवर्द्धनका लागि समेत परिचित छ। यो नदी अहिले ऱ्याफ्टिङ सँगसँगै विद्युत् उत्पादनका लागि लगानीकर्ताको छनोटमा परेको छ। विद्युत् विकास विभागका अनुसार त्रिशूली नदीमा सात सय ७१ मेगावाटका १४ आयोजनाको पहिचान भई निर्माण कार्य अघि बढिरहेको छ। जसमध्ये ९८ मेगावाटका तीन आयोजना सञ्चालनमा, ४७०.६२ मेगावाटका पाँच आयोजना निर्माणाधीन र ७५ मेगावाटको एक आयोजना निर्माण सुरु गर्ने तयारीमा छ। यस्तै, ६५ मेगावाटको एक आयोजनाको उत्पादन अनुमतिका लागि आवेदन दिएको र ३६.३ मेगावाटका तीन आयोजनाको भने प्राविधिक अध्ययनरत र २६.१४ मेगावाटको आयोजनाले अध्ययन अनुमतिका लागि निवेदन दिएको विभागको तथ्याङ्कमा छ।

दुई सय सय १६ मेगावाटको माथिल्लो त्रिशूली- १, एक सय दुई मेगावाटको माथिल्लो त्रिशूली- २, ३७ मेगावाटको माथिल्लो त्रिशूली ३- बी, १५.६२ मेगावाटको मध्यत्रिशूली र एक सय मेगावाटको सुपर त्रिशूली जलविद्युत् आयोजना निर्माणाधीन ...बाँकी ५ पेजमा

## बेलकोटगढी नगरपालिकाले तीनवटा एम्बुलेन्स ल्याउँदै

बेलकोट/ नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकाले तीनवटा एम्बुलेन्स खरिद गर्ने प्रक्रिया अगाडि बढाएको छ। गत वैशाख ३० गते निर्वाचित जनप्रतिनिधिले शपथ लिएसँगै जनाएको पहिलो प्रतिबद्धता एम्बुलेन्स खरिद गर्ने निर्णय कार्यान्वयनतर्फ अघि बढेको छ।

नगरपालिकाले प्रतिस्पर्धाको आधारमा छनोट भएको कम्पनीसँग तीन थान एम्बुलेन्स खरिदका लागि आवश्यक प्रक्रिया अघि बढाएको नगरप्रमुख जगतबहादुर गुरुङले जानकारी दिए। उनका अनुसार अग्नि इन्कर्पोरेटेड प्रा.लि.सँग तीन थान एम्बुलेन्स खरिद गर्न सम्झौता गरेर कार्यादेश दिइएको छ। तीन थान एम्बुलेन्स खरिद गर्नका कुल ५९ लाख ९८ हजार पाँच सय रुपैयाँ कम्पनीका लागि नगरपालिकाले भुक्तानी प्रक्रिया अगाडि बढाएको प्रमुख प्रशासकीय अधिकृत सूर्यदर्शन पण्डितले बताए।

उनका अनुसार एक थान एम्बुलेन्सलाई १८ लाख ७५ हजार रुपैयाँसहित त्यसमा थप भन्सार, सजावट, प्रज्ञापनपत्र, एक प्रतिशत राजस्वसमेत जोडेर कुल तीन थान एम्बुलेन्सका लागि लाग्ने शुल्क दुईपक्षीय सम्झौताअनुसार भुक्तानी दिन लागिएको हो। सम्झौताअनुसार कम्पनीले ...बाँकी ५ पेजमा

# खरानीटार–उर्लेनी जोड्ने पक्कीपुल १४ महिनाअगावै सम्पन्न

◆ रामहरि न्यौपाने

विदुर/ देशैभरि निर्माण व्यवसायीले सडक र पुल निर्माणको ठेक्का लिने, वर्षौं नबनाउने प्रवृत्तिले सास्ती पाइरहेका नेपालीलाई ठेकेदारले दुई वर्षमा बनाउनुपर्ने पुल सम्झौता भएको आठ महिनामै निर्माण सम्पन्न गरेको भन्दा आश्चार्य लाग्न सक्छ। नुवाकोट जिल्लाको तादी गाउँपालिका- ३ खरानीटारबाट वडा नं. १ को उर्लेनी जोड्ने दोर्खु खोलाको पक्की पुल आठ महिनामा निर्माण सम्पन्न भएको छ। तादीको खरानीटार र उर्लेनीको सीमा हुँदै बगेको दोर्खु खोलामा ४१ मिटर लम्बाइ र ८.४ मिटर चौडाइको पक्की पुल निर्माण सुरु भएको ६ महिनामै सम्पन्न भएको हो। पुल निर्माणको काम सकिएपछि गत वैशाख २० गतेदेखि नै गाडी चल्न थालेको थियो।

०७९ असार ३० गते पूर्वाधार विकास कार्यालय र जयविष्णु निर्माण सेवाबीच दुई वर्ष (०८१ असार ३०) भित्र पुल सम्पन्न गर्ने सम्झौता भएको थियो। ठाँडो खोला र पानीको बहाबले साउन १ देखिको ...बाँकी ५ पेजमा




सरकारी विद्यालय तथा बोर्डिङ स्कुलका सम्पूर्ण पाठ्यपुस्तक उपलब्ध छ

सरकारी विद्यालय तथा बोर्डिङ स्कुलका नर्सरीदेखि कक्षा १० सम्मको सबै प्रकाशनको पाठ्यपुस्तक, सहयोगी किताब, कापी, स्टेसनरी र खेलकुदका सम्पूर्ण सामग्री होलसेल तथा खुद्रा तपाईंले नसोचेको मूल्यमा उपलब्ध छ।

उत्सुक बुक्स एन्ड स्टेसनरी केन्द्र

विनपा–२, सञ्चारचोक, नुवाकोट, सम्पर्क नम्बर : ९८५१००२९३८/९८४१९१५७२७/०१०–५६०४१९

ई–मेल : utsuk.nkot@gmail.com


## विदुरको आफ्नै थप पाठ्यक्रममा पठन-पाठन

# दरबन्दी र विद्यालय मर्जको तयारी





त्रिशूली/ नुवाकोटको विदुर नगरपालिकाले आधारभूत तहको स्थानीय पाठ्यक्रममा शैक्षिक सत्र ०८० देखि पढाइ सुरु गरेको छ।

नगरपालिकाले शैक्षिक सत्र ०७९ मा आधारभूत तह (कक्षा १ देखि ८ सम्म)को 'हाम्रो विदुर' नामको स्थानीय पाठ्यक्रम तयार गरेको थियो। नगरभित्र रहेका ६० सामुदायिक र २५ संस्थागत विद्यालयलाई आधारभूत तहका लागि तयार पारिएको पाठ्यक्रम अनिवार्य पठन-पाठन गराउन निर्देशन गरिएको छ। नगरपालिकाको निर्णयअनुसार नगरभित्रका संस्थागत र सामुदायिक विद्यालयले स्थानीय पाठ्यक्रमअनुसार थप पठन-पाठन सुरु गरिरहेको शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख देवीप्रसाद अधिकारीले जानकारी दिए।

पाठ्यक्रम निर्माणका आधारभूत मान्यतामा आधारित रहेर स्थानीय परिवेशमा केन्द्रित भएर निर्माण गरिएको पाठ्यक्रमको कार्यान्वयनले शिक्षण सिकाइमा शिक्षकलाई प्रत्यक्ष लाभ हुनेसमेत उनले बताए। नगरपालिकाले विद्यार्थीलाई नगरपालिकाको विस्तृत जानकारी दिने उद्देश्यले ...बाँकी ५ पेजमा


सापकोटा पोलिक्लिनिक प्रा.लि. बट्टार

सम्पर्क फोन नं. : ०१०–५६०१३९

स्वास्थ्य उपचार सेवासम्बन्धी जानकारी

हरेक महिनाको पहिलो शनिबार — डा. कमल गौतम, MBBS (KU), MD. (T.U.), NMC NO. 9150, नशा तथा मनोरोग विशेषज्ञ

हरेक महिनाको दोस्रो शनिबार — डा. रोहित विष्ट, NMC NO. 10765, हाडजोर्नी तथा नसारोग विशेषज्ञ, बी एण्ड बी अस्पताल

हरेक महिनाको दोस्रो शनिबार — डा.राजेश महर्जन, NMC NO. 18986, (नाक, कान, घाँटी रोग विशेषज्ञ), अल नेपाल अस्पताल

हरेक महिनाको तेस्रो शनिबार — डा. सञ्जयसिंह केसी, (कार्डियोलोजिस्ट) मुटुरोग विशेषज्ञ, NMC NO. 10634, MD (Cardiologist)

हरेक महिनाको तेस्रो शनिबार — डा. रिता श्रेष्ठ, NMC NO. 1857, त्रि.वि.शिक्षण अस्पताल (उपप्राध्यापक), छाला तथा यौनरोग विशेषज्ञ

प्रत्येक दिन — डा. राकेशकुमार शाह (NMC NO. 4827) जनरल फिजिसियन, MBBS (Dhaka University)

प्रत्येक दिन — डा. प्रमिला थापा (NMC NO. 29584), MBBS (Dhaka University)

त्रिशूली प्रवाह
साप्ताहिक

प्रकाशक/सम्पादक : शरण उत्सुक सापकोटा (९८५१००२९३८)
संस्थापक सम्पादक : रामचन्द्र भट्ट
कार्यकारी सम्पादक : विष्णु तारुके (९८५१०९९८००)
रसुवा संवाददाता : जी. लेकाली (०१०५४०२०५ /९८५१११६८३१)
: सरस्वती न्यौपाने (९८४३७६४७९५)
कानुनी सल्लाहकार : अधिवक्ता देवराज कँडेल
जनसम्पर्क : शम्भुराम दाहाल (९८४१९१५७२७)
फोटो पत्रकार : सुनिल श्रेष्ठ
काठमाडौं वितरक : योगेन्द्र चौलागाई (भूगोलपार्क न्युरोड)
गोविन्द रिमाल (बालाजु बाइपास)
कार्यालय : विदुर नगरपालिका-२ सञ्चारचोक, विदुर नुवाकोट
फोन/फ्याक्स : ०१०-५६०४१९/०१०-५६०५००
Email : prawaha.weekly@gmail.com
मुद्रण : सुप्रिम प्रिन्टिङ प्रेस

**हाम्रा कुरा**

# भ्रष्टाचारीविरोधी अभियानलाई सघाऊ

नक्कली भुटानी शरणार्थी प्रकरणले अहिले नेपालको छवि अन्तर्राष्ट्रिय जगत्मा धमिलिएको छ । शरणार्थीका नाममा अमेरिका पठाइदिने भन्दै भएको ठगी धन्दाले विगतमा पुर्खाले जोगाइदिएको नेपालको स्वाभिमान र पहिचानमा दाग लागेको छ । अपराध कर्ममा संलग्न सबैलाई कारबाही गर्न सरकारलाई चौतर्फी दबाब रहेको छ । अहिले सडक र सदनबाट नक्कली भुटानी शरणार्थी प्रकरणको सत्यतथ्य निष्पक्ष ढङ्गबाट छानबिन गरी बाहिर ल्याउन आवाज उठिरहेको छ । देशका प्रमुख सहरदेखि ७७ वटै जिल्लाका नागरिकले पनि स्वस्फुर्त रूपमा भ्रष्टलाई कारबाहीका लागि दैनिकजसो दबाबमूलक विरोधका कार्यक्रम गरिरहेका छन् ।

विगतमा विभिन्न कालखण्डमा व्यवस्था परिवर्तनका लागि उत्रेका नागरिक अहिले भ्रष्टाचारविरुद्ध जागेका छन् । नक्कली भुटानी शरणार्थी बनाएर नेपालीलाई अमेरिका पठाउने प्रकरणसहित दर्जनौं काण्डमा मुछिनेमा पूर्वमन्त्री, बहालवाला सचिवहरू नै रहेपछि नागरिकमा अझै आक्रोश बढेको छ । भ्रष्टाचारविरुद्ध जागेका जनताको मागलाई यथोचित समाधान गरिएन भने सरकार र व्यवस्थाप्रति नागरिकमा वितृष्णा बढ्नेछ । नागरिक अगुवाको अगुवाइमा भइरहेको भ्रष्टाचारविरुद्ध दैनिक प्रदर्शनले भ्रष्टाचारको घटनामा संलग्नलाई कारबाही गर्न सरकारलाई आत्मबल दिएको छ । धेरै अपराधमा संलग्नहरू राज्यको विभिन्न जिम्मेवारीमा रहेका व्यक्ति जोडिएका छन् । सबै अपराधको तथ्य पत्ता लगाउनुपर्छ र त्यसमा जोडिएकालाई दण्डित गर्न सरकारले खुट्टा कमाउनुहुँदैन । तिनीहरूले उन्मुक्ति पाए भने राज्य असक्षम रहेको प्रमाणित हुनेछ । भ्रष्टाचारमा संलग्नलाई कारबाही गर्न सरकारलाई दबाब दिन आन्दोलन नै गर्नुपर्ने स्थिति नआओस् । सरकारले नागरिकलाई आशा जगाउने गरी थालेको कार्यलाई सबैले सघाऔँ । अपराधको जालो फुटाई दण्डहीनताको स्थिति अन्त्य गर्नुपर्छ । विगतमा कतिपय ठूला भ्रष्टाचारका घटनामा संलग्नलाई सरकारले दलीय सहमतिमै जोगाउने प्रवृत्ति रहेकाले जनस्तरमा एकखालको आक्रोश व्याप्त छ । नक्कली भुटानी शरणार्थी प्रकरण एउटा यस्तो घटना बन्यो, जसका कारण युवापुस्ता थोरै भए पनि आशावादी बनेर प्लेकार्ड बोक्दै सडकमा प्रदर्शन गर्न दैनिक निस्किइरहेका छन् । सबै क्षेत्रबाट दबाब भइरहेकाले अहिले भ्रष्टाचारविरुद्ध अघि बढ्न सरकारलाई सहज परिस्थिति बनेको छ ।

नेपालमा भ्रष्टाचारका घटना सार्वजनिक भए पनि सरकारकै पहलमा त्यस्ता घटनालाई त्यत्तिकै सामसुम पार्न खोज्ने पुरानो प्रचलन हो । पञ्चायतकाल होस् या बहुदलीय प्रजातन्त्र पुनर्स्थापनापछि नै किन नहोस्, ठूला भ्रष्टाचारमा संलग्न कतिपय व्यक्ति अहिले पनि 'सम्मानित'का हैसियतमा छन् । कर्मचारीतन्त्रमार्फत हुने भ्रष्टाचारका घटना त छँदै छ, राजनीतिक दलकै संलग्नतामा हुने कतिपय नीतिगत भ्रष्टाचारका कारण समाजको एउटा पुस्तालाई दलीय संरचनाप्रति नै रुष्ट बनाएको छ । सिंहदरबारमा सीमित भ्रष्टाचारको जरा सङ्घीयता कार्यान्वयनसँगै देशभरि सात सय ५३ पालिका र वडासम्म पुगेपछि समस्या थप जटिल बन्दै गएको छ । माथिल्लो निकायमा जस्तै वडा तहमा पनि धेरैजसो भ्रष्टाचार दलीय समहतिमै हुने भएपछि राजनीतिप्रति उति चासो नराख्ने युवापुस्ता सत्तामा पटक–पटक रहेका दलप्रति जुनसुकै तहको आक्षेप लगाउन पनि तयार छन् । अहिले सामाजिक सञ्जालमा देखिने टीका–टिप्पणीले पनि यही पुष्टि गर्छ । जसरी दलीय संलग्नतामा भ्रष्टाचारका घटना भएका छन्, यसको नियन्त्रणका लागि समेत दलकै नेतामा प्रतिबद्धताको खाँचो छ । पटक–पटक सत्तामा पुगेका नेताहरूले भ्रष्टाचार नियन्त्रण गर्छु भनेर भाषण गरे पनि काम नगरिरहेका बेला शरणार्थी प्रकरणमा संलग्न केही व्यक्ति पक्राउ परेको घटनाले भने थोरै आशावादी बनाएको छ ।

अहिलेको भ्रष्टाचारविरोधी प्रदर्शन हेर्दा कतिलाई सरकारविरोधी प्रदर्शन वा कतिलाई दलविशेषको विरोध गरेजस्तो पनि देखिए पनि सारमा यो कुनै सरकार वा दलविरोधी प्रदर्शन होइन । यो त भ्रष्टाचारमा संलग्नविरुद्धको प्रदर्शन हो । यदि, साँच्चै सरकारमा बस्नेमा भ्रष्टाचारमा संलग्नलाई कारबाही गर्ने इच्छाशक्ति छ भने यो सबैभन्दा उपयुक्त अवसर पनि हो । जनता जागेका बेला सरकारले हिम्मत गर्ने हो भने भ्रष्टहरू कारबाहीको दायरामा मात्रै आउने छैनन्, सरकारप्रति जनताको विश्वास पनि बढेर जानेछ । पूर्वाग्रहरहित भएर कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउने हो भने सरकारबाहिर बस्ने दलको विरोधको खासै अर्थ पनि रहँदैन । नक्कली भुटानी शरणार्थी प्रकरणजस्तै अन्य प्रकरणका पनि फाइल खोल्दै संलग्नलाई कारबाही गर्दै जाने हिम्मत सरकारले गरोस् । यसमा सबैको साथ र सहयोग रहनेछ ।

# नेपाल टाट पल्टिन लागेको हो ?

नेपाल दक्षिण एसियामा अवस्थित विश्वकै कमजोर आर्थिक अवस्था भएको देशमध्येको एउटा देश हो । आर्थिक अवस्था कमजोर रहे पनि प्राकृतिक स्रोत र साधनमा भने विश्वका थोरै मुलुकभित्र पर्छ । यो देश अहिले चरम आर्थिक सङ्कटबाट गुज्रिरहेको छ । नेपालको अर्थतन्त्र टाट पल्टने अवस्थामा रहेको छ भन्ने बहस चलिरहेको छ । देश कसरी टाट पल्टिन्छ र टाट पल्टेका देशले कस्तो आर्थिक नियति भोग्नुपर्छ भन्ने विषयमा छोटो चर्चा गर्ने प्रयास गरेको छु ।

***देश टाट पल्टने भनेको के हो ?***

कुनै पनि देशको आम्दानीभन्दा खर्च बढी हुँदै गएमा केही समयपछि उक्त देशका लागि आवश्यक खर्च आफ्नो आम्दानीबाट पुऱ्याउन सक्दैन । खर्च धान्नका लागि देशले पहिले स्वदेश र पछि विदेशबाट ऋण सापटी लिन्छ । उक्त ऋणको साँवा र ब्याजसहित देशले ऋणदातालाई फिर्ता गर्नुपर्दछ । त्यसका लागि देशले आफ्नो गार्हस्थ्य उत्पादनको आम्दानी कटाएर ऋण चुक्ता गर्नुपर्ने हुन्छ । यही अवस्था बढ्दै जाँदा देश ठूलो आर्थिक भुमरीमा फस्न जान्छ । उसको आम्दानीले कर्मचारीलाई तलब दिने र सर्वसाधारण जनतालाई दिँदै आएको सुविधासमेत कटौती गर्नुपर्ने अवस्था आउनु नै देश टाट पल्टनु हो ।

***देश किन टाट पल्टन्छ ?***

देशको अर्थतन्त्र कमजोर हुँदै जाने विभिन्न कारण रहेका हुन्छन् । राष्ट्रको उत्पादन न्यून हुँदै गएमा आम्दानी कम हुन्छ र खर्च यथावत् वा वृद्धि हुँदै गयो भने आयले खर्च गर्न पुग्दैन र दैनिक आवश्यक खर्च धान्न नसकेमा सरकारले पहिले आन्तरिक ऋण लिन्छ । देशमा पुँजीको अभाव भएमा चर्को ब्याजमा ऋण लिनुपर्ने हुन्छ । ऋणको साँवा र ब्याजको बोझ अर्थतन्त्रमा पर्न जान्छ । यसको कारणले गर्दा अर्थव्यवस्था थप भार पर्ने हुनाले देशको नियमित खर्च जुटाउन या थप मुद्रा निष्कासन गर्नुपर्छ या त विदेशी ऋण लिनुपर्ने हुन्छ । IMF, WORLD BANK, ADB जस्ता संस्था र अमेरिका, जापान, बेलायत, चीनजस्ता धनी देशले गरिब राष्ट्रलाई ऋण सापटी दिन्छन्, तर ती संस्था र राष्ट्रले गरिब राष्ट्रलाई सित्तैमा ऋण दिँदैनन् । उनीहरूले भनेको सर्त मानेको खण्डमा मात्र ऋण दिन्छन्, नमानेमा ऋण दिँदैनन् । यसरी धनी देशले गरिब देशलाई आर्थिक उपनिवेश बनाउने गरेका छन् । यसका लागि उनीहरूले जसो भन्यो उसै मान्ने सरकारलाई सत्तामा ल्याउनका लागि प्रत्यक्ष हस्तक्षेप पनि गर्ने गर्दछन् । ऋण लिएबापत राष्ट्रको सार्वभौमिकतामाथि उनीहरूको नाङ्गो हस्तक्षेप हुन्छ । प्राकृतिक सम्पदा आफ्नो हातमा लिन्छन् र कुनै-कुनै अवस्थामा देशको कुनै खास भू-भाग आफ्नो नियन्त्रणमा पनि लिन्छन् । वैदेशिक ऋणको भारले गर्दा चौतर्फी विदेशी हस्तक्षेप बढ्दछ र राष्ट्र असफल बन्दछ । देशमा स्थायी प्रकृतिको सरकार नहुँदा राजनीतिकर्मी र कर्मचारीतन्त्र भ्रष्टाचारमा निर्लिप्त हुने, सुशासनको प्रत्याभूति नहुने र हरक्षेत्रमा बचौलियाको बिगबिगी हुनाले केही मुट्ठीभरका व्यक्तिको हातमा राष्ट्रको धन सोरिन्छ । यसले देशलाई खोक्रो बनाउँछ । कतिपय शासनसत्तामा बस्नेले विदेशी मालिकको इसारामा अर्थनीति देश सुहाउँदो बनाउँदैनन् र देश टाट उल्टिन पुग्दछ ।

बाह्य राष्ट्रको आक्रमण वा आन्तरिक गृहयुद्धका कारणले गर्दा पनि देशको आन्तरिक स्रोत र वैदेशिक ऋण उठाएर भए पनि युद्धका लागि हात-हतियार र खर-खजाना किन्नका लागि ठूलो धनराशि खर्च गर्नुपर्दा एकातिर उद्योगधन्दा बन्द भई बेरोजगारी बढ्ने र अर्कोतर्फ खर्च वृद्धि हुँदा देश टाट पल्टन पुग्दछ । प्रथम विश्व युद्धपछि जर्मनी यही कारणले टाट उल्टेको हो । आयात-निर्यातको असन्तुलन, अनिकाल, भोकमरी, महामारी, भूकम्पजस्ता प्राकृतिक प्रकोपको समयमा पनि देशको आम्दानीभन्दा खर्च धेरै माथि हुने हुनाले देश टाट पल्टिन सक्दछन् ।


***नेपालको अर्थतन्त्र बिरामी भएको हो ?***

नेपाल चीन र भारतजस्ता विशाल अर्थतन्त्र भएका देशको बीचमा रहेको एउटा सानो राष्ट्र हो । चीनसँगको सीमा विकटताको कारणले गर्दा भारतप्रति बढी आश्रित हुनु नेपालको भूराजनीतिक बाध्यता पनि हो । नेपालको यो बाध्यतालाई बुझेर नै भारतले नेपालप्रति जहिले पनि लाभमुखी नीति लिने गरेको र नेपाली राजनीतिले पनि भारतलाई बढी भर गरेको देखिन्छ । तर, भारतको नेपाल नीति जहिले पनि ग्रामीण साहुले उसका ऋणीलाई गरेजस्तो हेपाहा र चेपुवा प्रवृत्तिको देखिन्छ । नेपालमा भएका सबै परिवर्तनमा भारतको प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका विगतदेखि रहिरहेको छ । खासगरी ०४६ सालको ऐतिहासिक परिवर्तनपछि पनि नेपालले भारतप्रति गुलामी गर्ने किसिमको नीति नै अङ्गीकार गर्दै आयो । स्वतन्त्र ढङ्गले आफ्नै जगमा टेकेर सबल अर्थतन्त्र निर्माणको दिशामा जान नेपाल सकेको भए सायद आजको अवस्था व्यहोर्नुपर्ने थिएन । आन्तरिक गृहयुद्धले थिलथिलो भएको अर्थतन्त्र तङ्ग्रिन नपाउँदै भूकम्पको महाविनाश र विश्वव्यापी कोभिड- १९ को दुष्चक्रभित्र नेपाल फस्न पुग्यो । यसबीचमा अर्थतन्त्रलाई चलायमान गराउने नयाँ उद्योग-धन्दा र व्यवसायका क्षेत्र त खुल्दै खुलेनन् भएका उद्योग, व्यवसाय पनि धराशायी हुन पुगे । नेपाल भूकम्प र कोभिडबाट प्राप्त राहतमा आश्रित मुलुक बन्यो । कोभिडको अन्तर्राष्ट्रिय प्रभावले गर्दा विदेशमा गई काम गरेका नेपालीको रोजीरोटी बन्द हुन पुग्यो । उत्पादन, रोजगारी र आम्दानी गुम्दै गए पनि आयातमा कुनै कमी भएन । विदेशी मुद्रा आर्जनको स्रोतमा भएको कमी र आयात वृद्धि तथा निर्यातमा भएको ह्रासले देशमा भएको विदेशी मुद्राको सञ्चितिले आयात खर्चको दुई महिना पनि नधान्ने स्थिति देखापऱ्यो । अर्कोतर्फ भ्रष्टाचार र कुशासन नियन्त्रण गर्नुको साटो आफन्त र आसेपासेलाई नवबिचौलियाको रूपमा नियुक्त गरी राज्यको अकुत सम्पत्ति आर्जन गर्नेतर्फ राजनीतिक र प्रशासनिक नेतृत्व निर्लिप्त भएर लागिरह्यो । यसले गर्दा परिचालनमा रहनुपर्ने पुँजीको ठूलो हिस्सा भूमिगत हुन पुगेर परिचालनबाट बाहिरिन पुग्यो र बजारमा तरलताको व्यापक अभाव देखिन थाल्यो । पुँजीको आपूर्तिमा आएको कमीले गर्दा लगानीयोग्य पुँजीको मूल्य वा ब्याजदरमा ठूलो दबाब पर्न गयो । अत्यधिक ब्याजदरले गर्दा उत्पादित वस्तु वा सेवाको लागत अत्यधिक वृद्धि हुन गई उद्योग-धन्दा सञ्चालन नभई बन्द हुने अवस्थामा पुग्यो । वर्तमान अवस्थालाई अवलोकन गर्दा स्पष्ट रूपमा के देखिन्छ भने नेपालको आन्तरिक आम्दानीले आन्तरिक खर्च धान्न नसक्ने, अत्यधिक वैदेशिक ऋणको दबाब, न्यून उत्पादन तथा निर्यात, अत्यधिक युवा पलायन, आयातीत वस्तु वा सेवाको अत्यधिक निर्भरताले गर्दा नेपालको अर्थतन्त्र टाट पल्टने दिशामा उन्मुख रहेको स्पष्ट रूपमा देख्न सकिन्छ ।

## आर्थिक अवस्थाको चिरफार

ठाकुरप्रसाद पुडासैनी

**अध्ययनका लागि विदेश जाने नाममा डाक्टरी, इन्जिनियरिङ, सिए, आइटी अध्ययन गर्नका लागि बर्सेनि करोडौं विदेशी मुद्रा विदेश बाहिरिने गरेको छ । त्यसलाई रोक्नका लागि सरकारले स्वदेशमा नै गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने वातावरण निर्माण गर्नु आवश्यक छ । आयातीत वस्तुको उपभोगलाई निरुत्साहित गरी स्वदेशी वस्त वा सेवा उपभोगबाट पनि हामीले आफ्नो देशबाट बाहिरिने विदेशी मुद्रा कम गरी यो सङ्कटबाट मुलुकलाई जोगाउन मद्दत गर्न सक्दछौँ ।**



***टाट पल्टिनबाट अब कसरी जोगिने ?***

नेपाल कृषिमा आधारित सानो अर्थव्यवस्था भएको मुलुक हो । परम्परागत कृषिमा आधारित अर्थतन्त्रको चरित्र जीवन निर्वाहमुखी रहने भएकाले विश्व अर्थतन्त्रमा भएको उतारचढावले यसलाई ठूलो असर गर्दैन भन्ने तर्क पनि रहेको छ, तर यातायात, सञ्चार र प्रविधिको विकासले गर्दा नेपाल पनि विश्व अर्थतन्त्रबाट अलग भएर रहन सक्दैन । नेपालको अर्थतन्त्र सुधार गर्ने मुख्य आधार कृषि क्षेत्रको सुधार नै हो । कृषिमा आधुनिकीकरण, व्यवस्थित बजारीकरण, कृषियोग्य जमिनको कृषकलाई पुनर्वितरण, मल, बिउ र कृषि सामग्रीको सजिलो उपलब्धताले युवा आकर्षण बढाउन सके सबल अर्थतन्त्र निर्माण हुन सक्दछ । नेपालमा स्थापना भएका उद्योगधन्दाको संरक्षण गर्नु अहिलेको मुख्य चुनौती हो । चर्को ब्याजले गर्दा नेपालको प्रायः सबै उद्योगको अवस्था सङ्कटग्रस्त रहेको छ । नेपाल सरकारले तत्काल उपयुक्त उपायद्वारा उद्योगको संरक्षण र वैदेशिक लगानी आकर्षित गरी आयात प्रतिस्थापनद्वारा अर्थतन्त्र सुधार गर्न कोसिस गर्नु आवश्यक छ । पर्यटन प्रवर्द्धनमार्फत नेपालले भारत, चीन र अन्य मुलुकबाट पर्यटक भित्र्याएर वैदेशिक मुद्राको सञ्चिति बढाउनेतर्फ ध्यान दिनु जरुरी छ । नेपालले आन्तरिक खपत वृद्धि गर्दै भारत, चीन, बंगलादेशलगायतका देशमा जलविद्युत् निर्यातका लागि आवश्यक पहल गर्न ढिला गर्नुहुँदैन । वैदेशिक रोजगारीलाई दुरुत्साहन गर्ने होइन कि दक्ष कामदार बढीभन्दा बढी उत्पादन गरी धेरै आय-आर्जन गर्न सक्ने नेपाली दक्ष जनशक्ति वैदेशिक रोजगारीमा जाने वातावरण तयार गर्नु उपयुक्त हुन्छ । अध्ययनका लागि विदेश जाने नाममा डाक्टरी, इन्जिनियरिङ, सिए, आइटी अध्ययन गर्नका लागि बर्सेनि करोडौं विदेशी मुद्रा विदेश बाहिरिने गरेको छ । त्यसलाई रोक्नका लागि सरकारले स्वदेशमा नै गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने वातावरण निर्माण गर्नु आवश्यक छ । आयातीत वस्तुको उपभोगलाई निरुत्साहित गरी स्वदेशी वस्त वा सेवा उपभोगबाट पनि हामीले आफ्नो देशबाट बाहिरिने विदेशी मुद्रा कम गरी यो सङ्कटबाट मुलुकलाई जोगाउन मद्दत गर्न सक्दछौँ । महँगा गाडी, मोबाइल, कस्मेटिक्स, खेलौनालगायत दैनिक जनजीवनमा आवश्यक नपर्ने सामान केही समयलाई आयातमा प्रतिबन्द लगाउनुपर्छ । यस्ता विलासिताका सामान उपभोग नगरे पनि हामीलाई केही फरक पर्दैन । त्यसका लागि देशमा स्थिर सरकारको आवश्यकता पर्दछ ।

***अब के हुन्छ ?***

खुला अर्थतन्त्रलाई कुमालेको चक्रसँग तुलना गर्न सकिन्छ । यसमा तल-माथि वा उन्नति-अवनति हुनुलाई स्वाभाविक मानिन्छ । अमेरिका, बेलायत, जापान, कोरियाजस्ता विशाल अर्थतन्त्र भएका देश पनि कतिपयपटक टाट उल्टेका छन् । अब उठ्नै नसक्ने गरी ढल्यो भनेका देश पनि बिस्तारै धुलो टकटक्याउँदै उठेर फेरि आर्थिक महाशक्तिको रूपमा स्थापित भएका छन् । नेपालले खासै धेरै अत्तालिनुपर्ने अवस्था रहेको छैन । अहिलेसम्मको स्थिति हेर्दा करिब १० महिनाको आयात धान्न सक्ने विदेशी मुद्राको सञ्चिति रहेको तथ्याङ्क राष्ट्र बैंकले सार्वजनिक गरेको छ । बैंकमा लगानीयोग्य तरलता पर्याप्त रहेको छ भनिएको छ । ब्याजदर क्रमशः घट्दै जान लागेको छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको रकम आशालाग्दो गरी बढ्दै गएको छ । यो सरकारले उपयुक्त समयमा वित्तीय र मौद्रिक उपकरणमार्फत महँगी नियन्त्रण गर्ने, करको दर व्यवस्थित गर्ने, सार्वजनिक फजुल खर्च कटौती गर्ने, पाँच सय र एक हजार रुपैयाँ दरका नोटको नोटबन्दी गर्ने, प्रचलनबाट बाहिर रहेका मुद्राको खोजी गर्ने, भ्रष्टाचारमा शून्यसहनशीलता अपनाई भ्रष्टचारीले आर्जन गरेको सम्पत्ति जफत गर्नेजस्ता कार्य गर्न सकेको खण्डमा नेपालको अर्थतन्त्रले नयाँ बाटो पहिल्याउने अपेक्षा गर्न सकिन्छ ।

***(लेखक नुवाकोट आदर्श बहुमुखी क्याम्पस बट्टारका सहप्राध्यापक हुन् ।)***
*thakurpudasaini2017@gmail.com*

# एमसिसीमार्फत निर्माण गर्ने विद्युत् प्रसारण लाइनका लागि जग्गा नापनक्साको काम सुरु

विदुर/ राष्ट्र नै तरङ्गित हुने गरी नेपालले स्वीकार गरेको अमेरिकन सहयोग परियोजना मिलियन च्यालेन्ज कर्पोरेसन (एमसिसी)अन्तर्गतको मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए)ले नुवाकोटमा निर्माण गरिने विद्युत् प्रसारण लाइनको मार्गमा पर्ने जग्गाको नापनक्सा लिने काम सुरु गरेको छ ।

४०० केभी दोहोरो सर्किटयुक्त विद्युत् प्रसारण लाइन निर्माणका लागि जग्गा प्राप्ति ऐन, २०३४ अनुसार जग्गा अधिग्रहणको प्रारम्भिक कारबाहीअन्तर्गत उक्त कार्य थालिएको आयोजनाले जनाएको छ । उक्त प्रसारण लाइन नेपालको १० जिल्ला भएर जानेछ । मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति एमसिए-नेपालमार्फत काठमाडौंको लप्सिफेदीबाट नुवाकोटको रातमाटे हुँदै हेटौंडा र तनहुँतर्फ लैजाने प्रसारण लाइन विस्तारले प्रभावित बन्ने बस्तीको तीन साताअगाडि प्रारम्भिक सूची प्रकाशित गरेको थियो । त्यसैअनुसार प्रभावित रहने स्थानको नापनक्सा लिने काम सुरु भएको हो । मिलेनियम च्यालेञ्ज कर्पोरेसन एमसिसीमार्फत निर्माण गर्न लागिएको प्रसारण लाइनका लागि गाड्नुपर्ने खम्बा र विस्तार गरिने तारको दायाँबायाँतर्फ प्रभावित बनाउने बस्तीको प्रारम्भिक सूची प्रकाशन भएसँगै त्यस जग्गाको नाप नक्सा सुरु भएको हो । अमेरिकी सहयोग अनुदानअन्तर्गतको एमसिसीमार्फत निर्माण गर्न लागिएको आयोजनाको नेपालको सरकारी निकाय एमसिए-नेपालमार्फत प्रसारण लाइन निर्माणको क्रममा प्रभावित हुने बस्तीको सर्भेक्षण सुरु गरेको हो ।

नुवाकोटको बेलकोटगढी नगरपालिकासहित शिवपुरी, पञ्चकन्या, लिखु र तारकेश्वर गाउँपालिकाका १८ वडाका ५० वटा बस्ती प्रत्यक्ष प्रभावित हुनेछन् । ती सबै जग्गाको नापनक्साको काम सुरु गरेको छ । काठमाडौंको लप्सेफेदीबाट नुवाकोटको रातमाटे बेलकोटगढीसम्म चार सय केभी डबल सर्किटको प्रसारण लाइनका क्रममा निर्माण गरिने खम्बा र प्रसारण लाइनको दायाँबायाँ क्षेत्रमा प्रभावित बनाउने प्रारम्भिक बस्तीको विवरणअनुसार नापनक्साको काम सुरु गरेको एमसिए नेपालले जनाएको छ । प्रसारण लाइन विस्तारका क्रममा आवश्यक पर्ने जग्गाको जग्गाधनीलाई खम्बा गाड्ने ठाउँको मुआब्जा र प्रसारण लाइनको दायाँबायाँ २३-२३ मिटर दूरीसम्म क्षतिपूर्ति दिन प्रभावित हुने जग्गाको नाप सुरु गरेको हो । नुवाकोटमा करिब ५३ किलोमिटर प्रसारण लाइन निर्माणका क्रममा एक सय ४७ वटा टावर गाड्नुपर्ने प्रारम्भिक अध्ययनमा देखिएको छ । उक्त क्रममा नुवाकोटको पाँच स्थानीय तहको १८ वडाका ५० स्थानको बस्ती प्रत्यक्ष प्रभावित हुने देखिएको हो ।

उक्त आयोजनाअन्तर्गत सबस्टेसन निर्माण र प्रसारण लाइन विस्तारका क्रममा प्रभावित हुने बासिन्दाका लागि एमसिए-नेपालले बेवास्ता गरेको भन्दै यहाँका स्थानीय तह र प्रभावित बासिन्दा भने असन्तुष्ट छन् । सबस्टेसन निर्माणका लागि आवश्यक जग्गा खरिदको काम पूरा भइसकेको छ भने प्रसारण लाइन विस्तारका क्रममा खम्बा गाड्न चाहिने जग्गा खरिद र तार विस्तारबाट प्रभावित हुने क्षेत्रमा दिइने क्षतिपूर्ति निर्धारण प्रमुख जिल्ला अधिकारीको नेतृत्वको बैठकलाई पालिकाले भने बहिष्कार गर्दै आइरहेका छन् ।

# सुर्तीजन्य सामग्रीको पोस्टर राखे कारबाही

विदुर/ स्वास्थ्य मन्त्रालयले किराना तथा होलसेल पसलमा सुर्तीजन्य सामग्रीको मूल्य उल्लेख गरिएको पोस्टर राखेमा कारबाही गर्ने भएको छ ।

स्वास्थ्य मन्त्रालयले गत हप्ता सूचना निकालेर नेपालमा सुर्तीजन्य कम्पनीहरूले खुद्रा किराना पसल, होलसेल किराना पसललगायत अन्य पसलको बिक्रीस्थलमा आफ्नो कम्पनीको नाम र दररेटसहित मूल्यसूची राखेर विज्ञापन गरेको पाइएमा कारबाही गर्ने भएको छ । सूचीसहितको मूल्यअङ्कित पोस्टर टाँसिएको पाइएमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन ऐन, २०६८ र जनस्वास्थ्य ऐन, २०७५ बमोजिम सजाय र जरिवाना गर्ने मन्त्रालयले जनाएको छ । मन्त्रालयले त्यस्ता विज्ञापन हुने गरी टाँस गरिएका चुरोट, बिँडी, गुट्खालगायतका मूल्यसूची उल्लेखित पोस्टर वा वालचार्ट टाँस नगर्न र टाँस गरेको भएमा तुरुन्त हटाउनसमेत निर्देशन दिएको छ ।

# नुवाकोटको सम्पदा पुनर्निर्माण छिट्टै हुन्छ : राजदूत सोङ

◆ रामहरि न्यौपाने

विदुर/ ०७२ को भूकम्पले क्षति पुऱ्याएको नुवाकोटको सातत्ले दरबारसहित आसपासको धार्मिक तथा पुरातात्विक सम्पदाको पुनर्निर्माण छिट्टै सुरु हुने नेपालका लागि चिनियाँ राजदूत छन सोङले बताएका छन् । चीन सरकारले पुनर्निर्माणको जिम्मेवारी लिएको दरबारसहितको आठवटा संरचना पुनर्निर्माणको काम ढिलो भइरहेको समयमा गत हप्ता राजदूत सोङले स्थलगत अवलोकन गर्दै काम सुरुको तयारीमा रहेकाले समयावधिको लक्ष्य र जिम्मेवारीअनुसार सम्पन्न गर्ने प्रतिबद्धता जनाए ।

'भूकम्प (आठ वर्षअघि गएको शक्तिशाली गोरखा भूकम्प)ले क्षति पुऱ्याएको नुवाकोटको सातत्ले दरबारसहित धार्मिक, सांस्कृतिक तथा पुरातात्विक आठवटा संरचनाको पुनर्निर्माणको जिम्मेवारी चीन सरकारको भएकाले काम सम्पन्न हुन्छ भन्नेमा ढुक्क हुनुहोस्,' राजदूत सोङले भने, 'केही प्राविधिक पक्ष र द्विपक्षीय समझदारी अपडेट (मिलाउन) गर्नुपर्ने भएकाले मिति यकिन नभए पनि काम छिट्टै सुरु गर्न लागेका छौं ।' भूकम्पले क्षति पुऱ्याएका संरचना पुनर्निर्माणमा सहयोग पुऱ्याउने कार्यक्रमअन्तर्गत नेपाल र चीन सरकारबीच नुवाकोटको सातत्ले दरबारसहित आसपासका आठवटा धार्मिक, पुरातात्विक र ऐतिहासिक महत्वका संरचनाको पुनर्निर्माण गर्ने चीन सरकारले गर्ने सम्झौता भएको छ । सोहीअनुसार नेपालको तर्फबाट पुरातत्व विभाग र चीन सरकारको तर्फबाट 'चाइनिज एकेडेमी अफ कल्चरल हेरिटेज'बीच ४५ महिनाभित्रमा पुनर्निर्माण सम्पन्न गर्ने सम्झौता ०७६ जेठमा भएको थियो । उक्त अवधि पूरा भइसक्दासमेत दरबारसहितको संरचनाको पुनर्निर्माण तथा प्रबलीकरण अझै अन्योल अवस्थामा छ ।

चीनले पुनर्निर्माणको जिम्मेवारी लिएको आठवटा संरचनामा सातत्ले दरबारसहित तुलजा भवानीको मन्दिर, दरबारपरिसरको गारदघर, रंगमहल, विष्णु र नारायण मन्दिर, भैरवीदेवी मन्दिरपरिसरमा रहेको लामपाटी र सेतोपाटी (दरबार) रहेको छ । चिनियाँ प्राविधिकबाट भौगोलिक र पुरातात्विक अध्ययन भइरहेको समयमा राजदूतले स्थलगत अवलोकनपश्चात् काम सुरु गर्न लागेको बताएसँगै पुनर्निर्माण अघि बढ्ने आशा जगाएको नुवाकोट दरबार हेरचाह तथा संरक्षण कार्यालयका प्रमुख अर्जुन फुँयालले बताए । उनका अनुसार स्थलगत अवलोकनको क्रममा राजदूतले काम सुरु गर्नुअघि दरबारसम्म पुग्ने करिब आठ सय मिटर सडकको पहुँचमार्ग खुला गर्नसहित स्थानीयवासीबाट आवश्यक सहयोग हुनुपर्ने माग गरे । 'राजदूतले काम सुरु गर्न विभागसँग थप नयाँ समझदारीदेखि यहाँ देखिएका समस्या समाधानमा सहयोग गर्नुपर्छ भनेका छन्,' कार्यालय प्रमुख फुँयालले भने, 'ती विषय पूरा गर्न हामी (नेपाली पक्ष) तयार छौँ ।'

०७६ साउनमा पहिलोपटक कार्यक्षेत्रमा आइपुगेको चिनियाँ पक्षले सातत्ले दरबार र तुलजा (तलेजु) भवानीको मन्दिरलाई थप क्षति हुनबाट जोगाउन खट बनाएर छाना लगाएर छोडेको छ । त्यसलगत्तैको नयाँ वर्ष (सन् २०२०) मा फर्कने भनेर गएको चिनियाँ प्राविधिक टोली गत वर्ष मात्रै केही सङ्ख्यामा आए पनि पुनर्निर्माणको काम भने अझै सुरु गरेको छैन । चिनियाँ टोलीले विगत चार वर्षदेखि मासिक एक लाखभन्दा बढी भाडा तिरेर कार्यालय राखेको छ । उक्त कार्यालयमा चार वर्षदेखि ताला लागेको स्थानीयले बताए । तत्कालीन राजा पृथ्वीनारायण शाहले नुवाकोटमाथि वि.सं. १८०१ मा विजय हासिल गरेपश्चात् गोरखाको जस्तै दरबार निर्माण गर्न लगाएका थिए । सुरुमा नौतले दरबार भनेको ९० सालको भूकम्पले दुई तला भत्काएपछि हाल सातत्ला मात्र रहेको छ । अहिले यो दरबार सातत्ले दरबारको नामले चिनिन्छ । उक्त दरबारलाई नेपालमा गणतन्त्र स्थापना भएसँगै 'नुवाकोट दरबार सङ्ग्रहालय'मा परिणत गरेर सर्वसाधारणका लागि खुला गरिएको थियो । पुनर्निर्माणको पर्खाइमा रहेको दरबारभित्र पृथ्वीनारायण शाहले प्रयोग गरेका लुगाफाटा, पलङ, ओछ्यान, युद्धका सामग्री, पृथ्वीनारायण शाह र रानीका प्रतिमालगायतका ऐतिहासिक संरचना राखिएको छ । खट र टेको लगाएर राखिएको दरबारभित्रै ती सामग्री सुरक्षित राखिएको हो । एकीकरणको समयमा पृथ्वीनारायण शाहले नेपालको राजधानी नुवाकोट बनाएर यही दरबारबाट केही समय शासन सञ्चालन गरेका थिए ।

**सामाजिक विषयको पठन-पाठन तथा प्रश्नपत्र नेपालीमा**

विदुर/ कक्षा ९ देखि १२ सम्म सामाजिक अध्ययन विषयको परीक्षामा नेपाली भाषामै उत्तर लेख्नुपर्ने भएको छ । केही विद्यालयले सामाजिक अध्ययन विषय अङ्ग्रेजी माध्यममा पढाइ भइरहेकाले नेपाली वा अङ्ग्रेजीमा परीक्षा दिन पाउनुपर्ने भनी विवाद गरिरहेका बेला राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले नेपाली भाषामै पढ्नुपर्ने र नेपाली भाषामै उत्तर लेख्नुपर्ने निर्णय गरेको छ ।

यसअघि कार्यालयले सुझाव लिनका लागि भन्दै नेपाली-अङ्ग्रेजी दुवै भाषामा नमुना प्रश्नपत्र सार्वजनिक गरेपछि यस विषयमा द्विविधा देखिएको थियो । गत मंगलबारदेखि सुरु भएको कक्षा १२ को परीक्षामा पनि सामाजिक अध्ययन विषयको प्रश्नपत्र नेपालीमै आएको छ । यस विषयमा यसअघिकै व्यवस्था कायम भएको पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक वैकुण्ठ अर्यालले बताए । विदेशमा सञ्चालित नेपाली विद्यालय र स्वदेशी विद्यालयमा पढ्ने विदेशी विद्यार्थीले मात्र सामाजिक विषयको परीक्षा अङ्ग्रेजी माध्यममा दिन पाउने महानिर्देशक अर्यालले बताएका छन् । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा विद्यालय तहको पाठ्यसामग्री र पठन-पाठनको भाषाबारे उल्लेख गरिएको छ । त्यहाँ सामाजिक अध्ययन पठन-पाठन तथा प्रश्नपत्र नेपालीमा हुनुपर्ने व्यवस्था रहेको छ ।

**डिजेलको मूल्य घट्यो, पेट्रोलको भने यथावत्**

काठमाडौं/ नेपाल आयल निगमले डिजेल र मट्टीतेलको मूल्य घटाएको छ। इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट दुईपटक खरिद मूल्य घटेर आएपछि निगमले डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १० रुपैयाँका दरले घटाएको हो। घटाइएको मूल्य मंगलबार राति १२ बजेदेखि लागू भएको छ।

निगमका अनुसार पेट्रोल, हवाई इन्धन र खाना पकाउने ग्यासको मूल्य यथावत् छ। मूल्य घटेसँगै डिजेल र मट्टीतेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर एक सय ५५ रुपैयाँ कायम भएको छ। यसअघि डिजेल र मट्टीतेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर एक सय ६५ रुपैयाँ थियो। पेट्रोलको मूल्य प्रतिलिटर एक सय ७५ रुपैयाँ, हवाई इन्धन आन्तरिकतर्फको मूल्य प्रतिलिटर एक सय ६० रुपैयाँ र बाह्यतर्फ प्रतिलिटर अमेरिकी डलर १.५० कायमै छ। यस्तै, खाना पकाउने ग्यासको मूल्य प्रतिसिलिन्डर एक हजार आठ सय रुपैयाँ यथावत् छ ।

**वृद्धभत्ता जम्मा गरेर विद्यालयमा अक्षयकोष स्थापना**

धादिङबेंशी/ धादिङका एक वृद्धदम्पतीले सरकारले दिएको वृद्धभत्ता जम्मा गरेर दुई लाख एक हजार एक सय ११ रुपैयाँको विद्यालयमा अक्षयकोष स्थापना गरेका छन् ।

जिल्लाको ज्वालामुखी गाउँपालिका- २ पोखरीचोकका खड्गनारायण श्रेष्ठ र उनकी श्रीमती यमकुमारी श्रेष्ठले नेपाल सरकारबाट पाउने वृद्धभत्ताबाट चौरासी पूजाको अवसरमा ठूलोचौर माध्यमिक विद्यालयमा अक्षयकोष स्थापना गरेका हुन् । गत हप्ता विद्यालयमा कार्यक्रम गरेर वृद्धदम्पतीले प्रधानाध्यापक श्यामकुमार श्रेष्ठलाई अक्षयकोष स्थापनाका लागि दुई लाख एक हजार एक सय ११ रुपैयाँको चेक दिएका थिए । अक्षयकोषको रकमबाट प्राप्त ब्याजबाट विद्यालयमा अध्ययनरत जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति दिने बताइएको छ ।

## किस्पाङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

काहुँले, नुवाकोट


**कित्तागत विवरणसम्बन्धी जानकारी**

*(सूचना प्रकाशित मिति : २०८०/०२/०४)*

किस्पाङ भूउपयोग परिषद्बाट किस्पाङ गाउँपालिकाको भूउपयोग क्षेत्रगत नक्सा स्वीकृत भई कित्तागत विवरण तयार गरी उक्त कित्तागत विवरण मिति २०८०/०१/१५ गते बसेको किस्पाङ भूउपयोग परिषद्को बैठकबाट स्वीकृत गराई सम्बन्धित निकायमा अद्यावधिकका लागि पठाइएको व्यहोरा सबै सरोकारवालाको जानकारीका लागि भूउपयोग नियमावली, २०७९ को नियम (५) को उपनियम (६) बमोजिम सूचित गरिन्छ । साथै, स्वीकृत कित्तागत विवरण र भूउपयोग क्षेत्रगत नक्सा किस्पाङ गाउँपालिकाको वेबसाइट : www.kispangmun.gov.np मा राखिएको जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

एनएलजी
सम्पती सुरक्षा बीमा



कलकारखाना तथा गोदाममा रहेको स्टक होस् वा
अफिसमा रहेको सम्पत्ति आगलागि वा अन्य
कारणबाट हुने सम्भावित क्षतिको लागि
एनएलजी इन्स्योरेन्सको सम्पत्ति सुरक्षा बीमा
लिई आफ्नो व्यापार व्यवसायको
सुरक्षाको सुनिश्चितता गरौं

सबैको सुरक्षा, एनएलजीको ईच्छा
GPO Box: 20600, Panipokhari, Lazimpat, Kathmandu
Phone: 4418113, 4006625, Fax: 977-1-4416427
Toll Free No.1660-01-99099
email: info@nlgi.com.np, nlgi@mail.com.np
www. nlg.com.np

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
सबैको सुरक्षा, एनएलजीको ईच्छा

बाग्मती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र

**देविघाट, नुवाकोटको**

### जनहितमा जारी सन्देश

**जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र देविघाटबाट दिइने सेवाहरु :**

बहिरंग सेवा, निःशुल्क २३ प्रकारका अत्यावश्यक आयुर्वेद औषधी वितरण, मातृशिशु स्वास्थ्य प्रवर्द्धन सेवा, जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन सेवा, सःशुल्क फार्मेसी सेवा, सःशुल्क ल्याब सेवा, आयुर्बेदिय जिवनशैली परामर्श सेवा, पूर्वकर्म - शिरोधारा, योग प्रणायाम सम्बन्धी परामर्श ।

**जिल्लामा रहेका आयुर्बेद स्वास्थ्य सेवा दिने अन्य संस्थाहरु :**

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | रालुका आयुर्बेद औषधालय | तादी गा.पा.-२ |
| २ | सुन्दरातामे आयुर्बेद औषधालय | तादी गा.पा.-४ |
| ३ | नर्जामण्डप आयुर्बेद औषधालय | तादी गा.पा.-५ |
| ४ | ढिकुरे आयुर्बेद औषधालय | लिखु गा.पा.-१ |
| ५ | थानसिङ आयुर्बेद औषधालय | लिखु गा.पा.-६ |
| ६ | तारुका आयुर्बेद औषधालय | तारकेश्वर गा.पा.-३ |
| ७ | खनायोखर्क आयुर्बेद औषधालय | बेलकोटगढी न.पा.-२ |
| ८ | नागरिक आरोग्य सेवा केन्द्र | शिबपुरी गा.पा.-५ |
| ९ | नागरिक आरोग्य सेवा केन्द्र | किस्पाङ गा.पा.-३ |
| १० | नागरिक आरोग्य सेवा केन्द्र | दुप्चेश्वर गा.पा.-६ |
| ११ | नागरिक आरोग्य सेवा केन्द्र | म्यागङ गा.पा.-५ |

- आयुर्बेद औषधि एवम् जडिबुटी आयुर्बेद स्वास्थ्यकर्मीसँग परामर्श गरेर मात्र प्रयोग गरौं ।
- विषादी प्रयोग नभएको अर्गानिक खानपानमा ध्यान दिऔं ।
- नुन र चिनी कम प्रयोग एवं जंकफुडको प्रयोग निरुत्साहित गरौं ।
- स्वास्थ्य जिवनशैली पालना गरौं, मानसिक तनाव कम गर्न नियमित ब्यायाम (कम्तीमा हप्ताको १५० मिनेट), योग, प्राणायाम गरौं ।
- चटके, झोले, सपेरा वा द्वाङ फुकी आकर्षक विज्ञापन गरेर बेचिने आयुर्बेद औषधि किनेर वा प्रभावमा परेर वा आफैं औषधी किनेर खाने बानी नगरौ ।
- निम, दुवो, घोडताप्रे, तुलसी, घ्युकुमारी, पुदिना र गुर्जो जस्ता जडिबुटी आफ्नो घर आगनमा रोपौं ।
- धुम्रपान, मदिरापान तथा सुर्तिजन्य पदार्थ सेवन नगरौं ।



# भोक र रोगसँग लड्दै छन् चेपाङ बालबालिका

◆ राजेन्द्र बस्नेत

जिरवाङ (धादिङ)/ ढोका नभएको सानो घर। चोटा नछापेको जस्तापाता लगाएको घर। अन्नको नाममा २५ माना चामल, भाँडावर्तनमा कालो कसौँडी, केही थान थाल, सानो कन्ती, जम्मुकोकको पाँचवटा बोतल, दुईवटा ब्ल्याङकेट र केही थान म्याट। यी सामान कुरेर एक ६४ वर्षीया अपाङ्ग ज्येष्ठ नागरिक महिला बस्छिन्। ती महिला हुन् ६४ वर्षीया सानुमाया चेपाङ। उनी तीन वर्ष अघिदेखि प्यारालाइसिस भएर थलिएकी छिन्। उनको स्याहार-सुसारमा खटिएकी छिन् उनकी बुहारी कल्पना। कल्पना आफैँमा रोगी देखिन्छिन्। १६ वर्षमा विवाह गरेकी कल्पनाले २८ वर्ष उमेर हुँदासम्म पाँचपटक सुत्केरी भई ६ वटा सन्तानलाई जन्म दिइन्।

पछिल्लोपटक आठ महिनाअघि कल्पनाले जुम्ल्याहा छोराछोरी पाइन्। सुत्केरी भएको आठ दिनदेखि उनी बिरामी परिन्। उनी बिरामी भएर एक महिना थलिइन्, सुत्केरी अवस्थामै बिरामी भएकाले स्याहार पुगेन। दूध आउँदैन, जुम्ल्याहा बच्चालाई स्याहार गर्न सकिनन्। मिठो-मसिनो नखाएपछि दूध आएन, जुम्ल्याहा बच्चा कुपोषणको चपेटामा छन्। कल्पनालाई जुम्ल्याहालाई कसरी सुपोषित बनाउने चिन्ता छ। यत्तिकैमा कल्पनाले थपिन्, 'परिवार नियोजनको अस्थायी साधन संगिनी सुई लगाउने गरेकी थिएँ। एकपटक छुटेको थियो। जुम्ल्याहा बच्चा भयो। आठ महिनामा छोराछोरी चार-चार केजीका छन्। घरमा खाने अन्न छैन। अरू दुई छोरा, एक छोरी पनि छन्। सासूको हातखुट्टा चल्दैन। दिसापिसाब सोर्नुपर्छ। घरमा अरू महिला छैनन्। ६१ वर्षीय ससुरा ज्याला गर्न एकै ठाउँमा बस्छन्। बुढा (जीवन) पनि ज्याला गर्न टाढाटाढासम्म जान्छन्, उतै बस्छन्। जेठो छोरा विपन भूत लागेर मऱ्यो। माइलो साजन आठ वर्ष, छोरी आयुषा ६ वर्ष र साहिँलो छोरा आयुष चार वर्षका भए। उनीहरूलाई खुवाउने अन्न पनि छैन। पढ्न पठाउन कापी, कलम र लुगा पनि छैन।' खानेपानी पनि पुग्ने गरी छैन। खेती लगाएर पनि ६ महिनालाई खान मुस्किल पर्ने कल्पनाले बताइन्।

जीवनले जीवन कहानी सुनाउँदै भने, '२६ वर्षको हुँदा १६ वर्षकी कल्पनासँग विवाह गरेँ। अहिले उनी २८ वर्षकी भइन्। ६ वटा बच्चा जन्मिए। आफूले प्राथमिक तह मात्र पढेको बताउँदै अहिले ज्याला गरेर परिवार पाल्न धौधौ परेको छ। कृषि काम गरेको बिहानदेखि बेलुकासम्म खान दिएर ६ सय रुपैयाँ कमाउँछु। निर्माणको काम गर्दा दैनिक नौ सय पाउँछ। सधैँ काम हुँदैन। जुम्ल्याहा छोराछोरी कुपोषणले ग्रस्त छन्। कसरी उपचार गर्ने, के खुवाउने अन्योलमा छु।' श्रीमती पहिलोपटक सुत्केरी हुँदा ६ वटा कुखुरा खुवाएको सम्झँदै भने, 'जुम्ल्याहा बच्चा पाएको पाला खुवाउन सकिनँ। श्रीमती एक महिना थला परिन्।



भाग्यले बाँचिन्। अहिले खुवाउनुपर्ने थियो, खुवाउन पैसा छैन।' 'चारपटकसम्म सुत्केरी हुँदा आमाको दूधले पुगेको थियो, तर यसपटक बिरामी भई उसलाई नै बचाउन मुस्किल पऱ्यो, रगत दिएर बचाएको। त्यही पनि भने जति रगत दिन सकिएन,' उनले भने, 'बच्चालाई बिहान आधा माना, बेलुका आधा माना भैँसीको दूध किनेर खुवाइरहेको छु।' आठ महिनामा बच्चा चार-चार केजी मात्र छन्। सबैजना कुपोषण भएको बताउने गरेको जीवनले सुनाए। घरासयी सामान न्यून पनि छैन। न सुत्ने ठाउँ पुग्छ न त ओढ्ने-ओछ्याउने नै छ। अन्नपात मात्र होइन पकाउने भाँडा नै छैन। विकल्प नभएको खानेपानी राख्न भाँडा पनि कोक, स्प्राइटका बोतल छन्। बेनीघाट-रोराङ गाउँपालिका- ८ जिरवाङका कल्पना र जीवनको परिवार साँच्चै गरिबीको चपेटामा परेको छ। यो परिवारले एकसाथ भोक र रोगसँग लड्दै छ। यस गाउँपलिकामा ३८ प्रतिशत चेपाङको बसोवास रहेको छ। अधिकांश चेपाङ परिवारको अवस्था उस्तै छ।

जिरवाङका पाँच वर्षमुनिकाको बालबालिकाको सङ्ख्या दुई सय आठ रहेको छ। शीघ्र कुपोषण भएका बालबालिकाको सङ्ख्या ५०, मध्य कुपोषण भएको बालबालिकाको सङ्ख्या ७५ र सामान्य कुपोषण भएको बालबालिकाको सङ्ख्या दुई सय ५० को हाराहारीमा रहेको बेनीघाट-रोराङ गाउँपालिका स्वास्थ्य शाखा प्रमुख शंकरबाबु ढुवाडीले बताए। पालिकाबाट कुषोषण भएका बालबालिकालाई लिटो पिठोको दिइरहेकोसमेत उनले बताए। पालिकाको जनसङ्ख्याको ३८ प्रतिशत चेपाङ समुदायको रहेको छ। उनले भने, 'चेपाङ समुदायमा गरिबी, अशिक्षा, सचेतनामा कमीले गर्दा बहुविवाह, बालविवाह गर्नेको सङ्ख्या धेरै छ, उनीहरू जन्मान्तरलाई ध्यान दिँदैनन्, त्यसैले बालबालिकाको सङ्ख्या धेरै हुन्छ।' स्वास्थ्य शाखा प्रमुख ढुवाडीले भने, 'जब खानेपानी र खाद्यान्न अभाव बढ्दै जान्छ कुपोषण हुने सङ्ख्या थपिँदै जान्छ, कुपोषण अवस्था सुधार गर्न पोषण सुधार केन्द्र सञ्चालनको अन्तिम तयारी पालिकाले गरिरहेको छ।' अहिले गाउँपालिकासँग समन्वय गरेर पोषण सुधारमा शान्ति नेपाल, हिमालय हेल्थ केयर, सुआहाराले पोषण सुधारका लागि काम गरिरहेका छन्।



# धर्म परिवर्तन गराउने समूह निगरानीमा



◆ शशि डङ्गोल

बेत्रावतीबजार/ नुवाकोट र रसुवा जिल्लाको सिमानामा रहेको ऐतिहासिक, धार्मिक क्षेत्र बेत्रावती बजार क्षेत्रमा धर्म परिवर्तन गराउने समूह सक्रिय हुन थालेपछि स्थानीयले चासो र निगरानी गर्न थालेका छन्। आइतबार अघोषित रूपमा प्रलोभनमा पारी धर्म परिवर्तन गराउनेलाई चेतावनी दिँदै यस्ता गैरकानुनी क्रियाकलाप रोक्ने विषयमा आइतबार स्थानीयले छलफल गरेका छन्। स्थानीय सङ्घ-संस्थाको प्रतिनिधि र स्थानीय अगुवाको उपस्थितिमा भएको छलफलमा जबर्जस्ती धर्म परिवर्तन गराउन सक्रिय समूहलाई पहिलोपटक सचेत गराउने सहमति भएको छ।

नेवार समुदायको पुरानो बस्ती नेवारी धर्म र संस्कृति रहेको बेत्रावतीमा अहिले करकाप र प्रलोभनमा धर्म परिवर्तन गराउने समूह सक्रिय हुन थालेपछि स्थानीय युवाले निगरानी गर्न थालेका छन्। 'परम् पिता, परमेश्वर सच्चाई, वचन' भन्ने टोलीले समाजमा नकारात्मक सन्देश दिएको, भावी पुस्तामा आफ्नो जात, धर्म, रीतिरिवाज, संस्कृति, परम्परा, दाजुभाइको भाइचारा सम्बन्ध बिग्रन लागेको, हिन्दू तथा बौद्ध धर्मावलम्बीलाई आर्थिक प्रलोभनमा पारेको आरोप बेत्रावती नेवार समुदायका अगुवा तुलसीनारायण डङ्गोलले लगाए। यस्ता गैरकानुनी कार्य तुरुन्त रोक्नसमेत उनले सम्बन्धित व्यक्तिलाई चेतावनीमूलक आग्रह गरेका छन्। बेत्रावतीमा जात धर्मसम्बन्धी यस्ता अनैतिक गतिविधि बढ्दै गएमा पवित्र धार्मिक तीर्थस्थल उत्तरगया क्षेत्रको महत्व र हिन्दू परम्परामाथि नै धावा हुन सक्ने र दाजुभाइबीच नै जातीय द्वन्द्व हुन सक्ने सम्भावना भएकाले बेत्रावतीवासीले बेलैमा सचेत र सतर्कता अपनाई एकजुट हुनुपर्नेमा स्थानीय समाजसेवी सोमलाल लवटले छलफलमा बताए। छलफलमा उठेका प्रश्नमाथि गम्भीर रूपमा सोच्नुपर्ने, केही पुरानाका साथै नयाँ संस्कृति र परम्परा तथा कामलाई आन्तरिक छलफलबाट टुङ्गो लगाई बेत्रावतीको नेवार समुदायलाई आफ्नो परम्पराअनुसार सदैव कायम राख्न भाइचाराको सम्बन्धलाई सुदृढीकरण गर्न लाग्नुपर्ने उत्तरगया क्षेत्र विकास समितिका अध्यक्ष अष्टमान डङ्गोलले बताए। छलफलको टुङ्गो भने कुनै निष्कर्षबिना टुङ्गिएको छ। अब फेरि अर्को भेला चाँडै नै हुने गोसाइँकुण्ड युवा क्लबका अध्यक्ष दीपु डङ्गोलले त्रिशूली प्रवाह साप्ताहिकलाई जानकारी दिए।

**फोटो छ**

**रसुवागढी जलविद्युत्को उत्पादन मिति सरेको–सहै**

धुन्चे/ रसुवा जिल्लाको उत्तरी टिमुरे क्षेत्रमा निर्माणाधीन १११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजनाले व्यावसायिक उत्पादन गर्नेको मिति सारेको छ। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत् आयोजनामातहत निर्माण भइरहेको रसुवागढी जलविद्युत् आयोजना यस चालू आर्थिक वर्षमा उत्पादन सुरु गर्ने समय तोकेको थियो।

कम्पनीले अहिले प्राविधिक कारण देखाएर पुनः उत्पादन मिति तीन महिना पछि सारेको छ। १११ मेगावाट क्षमताको नदी प्रवाही आयोजना निर्माण सुरु भएको १२ वर्ष बितिसक्दा पनि विद्युत् उत्पादन गर्न सकेको छैन। आयोजनाको तीन महिना म्याद थपिएपछि उत्पादन मिति असोज अन्त्यमा पुगेको छ। ०६८ कात्तिक २८ मा प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (पिपिए) गरेको आयोजनाको सुरुवाती उत्पादन मिति ०७६ पुस १५ मा थियो। तर, ०७२ को भूकम्पको कारण देखाएर उत्पादन मिति सारेर ०७८ असारमा पुऱ्याइएको थियो। त्यसपछि ०७७ मा आएको भोटेकोसीको बाढीले बाँधलगायत संरचनामा क्षति पुऱ्याएपछि समयमै आयोजना सक्न कठिनाइ भएको भन्दै कम्पनीले फेरि २०७९ फागुनसम्म उत्पादन मिति सारेको थियो। तर, त्यस मितिमा पनि उत्पादन गर्न नसकेपछि समय लम्ब्याएर ०८० असारमा पुऱ्याइयो। तर, यस अवधिमा पनि नसकिएपछि अहिले पुनः ३ महिना समय थपिएको छ।

रसुवागढी आयोजनाबाट ०७८ असारभित्र व्यावसायिक उत्पादन गर्ने लक्ष्य रहे पनि ०७७ मा आएको बाढीले बाँधस्थलको अस्थायी संरचनामा क्षति पुग्न गई निर्माण स्थगित गरिएको र अडिड सुरुङ जाने बेलिब्रिजमा क्षति पुगेका कारण उत्पादन समय लम्बिएको आयोजना प्रवक्ता नरनाथ न्यौपानेले जानकारी दिए। बाढीले पहुँचमार्गमा क्षति पुऱ्याएपछि पनि समयमा उत्पादन गर्न नसकिएको उनले बताए।



## रसुवा, नुवाकोट र धादिङ भएर...

अवस्थामा रहेका छन् । ७५ मेगावाटको आयोजना अनुमति लिने चरणमा रहेको छ । त्यस्तै, ६५ मेगावाटको मध्यत्रिशूली जलविद्युत् आयोजनाको अध्ययन पूरा भई उत्पादन अनुमतिका लागि विभागमा आवेदन दिएको छ । ४.३ मेगावाटको माथिल्लो त्रिशूली, २४ मेगावाटको माथिल्लो त्रिशूली क्यासकेड र आठ मेगावाटको त्रिशूली खोला स्मल अध्ययनरत छन् । २६.१४ मेगावाटको एक आयोजनाले भने अध्ययन अनुमतिका लागि आवेदन दिएको छ । नदीमा पहिचान भएका आयोजनामध्ये सबैभन्दा ठूलो दुई सय १६ मेगावाटको अप्पर त्रिशूली- १ जलविद्युत् आयोजना रहेको छ । यो आयोजना नेपाल वाटर र इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडले निर्माण गरिरहेको छ । कम्पनीले ०७४ कात्तिक २३ गते निर्माण अनुमतिपत्र लिई काम अघि बढाइएको हो । यो आयोजना कोरियाको ९० प्रतिशत र नेपालको १० प्रतिशत लगानीमा निर्माण भइरहेको छ ।

यस्तै, एक सय दुई मेगावाटको अप्पर त्रिशूली-२ हाइड्रो चाइन कर्पोरेसनले निर्माण गरिरहेको छ । कम्पनीले आयोजना निर्माण गर्न ०७६ जेठ ९ गते अनुमति पाएको थियो । ब्लु इनर्जीले लिमिटेडले ०७४ माघ २ गते निर्माण अनुमतिपत्र लिई सय मेगावाटको सुपर त्रिशूली जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । त्रिशूली खोलामा पहिचान भएको ३७ मेगावाटको अप्पर त्रिशूली- ३ 'बी' जलविद्युत् आयोजना पनि निर्माणाधीन छ । यो आयोजना नेपाल विद्युत् प्राधिकरणले ०७० साउन २७ गते निर्माण अनुमतिपत्र लिई काम अघि बढाएको हो । त्रिशूली-३ 'बी' जलविद्युत् आयोजनाको क्यासकेड परियोजनाले १५.६२ मेगावाटको मध्यत्रिशूली जलविद्युत् आयोजनाको उत्पादन अनुमति लिई निर्माण सुरु भएको विभागले जनाएको छ । यो आयोजनाको निर्माण अनुमति परफेक्ट इनर्जी डेभलपमेन्ट लिमिटेडले ०७९ भदौ १७ गते पाएको हो । आयोजनाको विद्युत् खरिददेखि लगानी गर्ने बैंकसमेत छनोट भइसकेको छ । नुवाकोटको विदुर नगरपालिका- ७ सोलेमा निर्माण हुने यो आयोजना त्रिशूली ३ 'बी' सञ्चालन भएको एक वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी स्वीकृत पाएको छ ।

यसैगरी, ७५ मेगावाटको त्रिशूली-गल्छी अनुमति लिने चरणमा रहेको प्रवर्द्धक सिद्धकाली पावर लिमिटेडले जनाएको छ । यो आयोजनामा दुईवटा टर्वाइन जडान हुनेछ । ६५ मेगावाटको मध्यत्रिशूली गंगा नदी आयोजनाले निर्माण अनुमतिका लागि आवेदन दिएको छ । ४.३ मेगावाटको अप्पर त्रिशूली खोला, २४ मेगावाटको अप्पर त्रिशूली क्यास्केड र आठ मेगावाटको त्रिशूली खोला स्मल जलविद्युत् आयोजनाको अध्ययन भइरहेको विभागले जनाएको छ । यस्तै, अपि पावर कम्पनीले २६.१४ मेगावाटको त्रिशूली-गल्छीको अध्ययन अघि बढाउन अनुमतिका लागि विभागमा आवेदन दिएको छ । खोलामा पहिचान भएका आयोजनामध्ये ९८.१ मेगावाट तीन जलविद्युत् आयोजनाले विद्युत् उत्पादन गरिरहेका छन् । १४.१ मेगावाटका देवीघाट, ६० मेगावाटको अप्पर त्रिशूली-३ 'ए' र २४ मेगावाटको त्रिशूली जलविद्युत् आयोजनाले निरन्तर विद्युत् उत्पादन गरिरहेका छन् ।

## खरानीटार...

सट्टामा काम सुरु गर्न कात्तिक लागेको थियो । पुल निर्माणको काम सुरु भएको ६ महिना नपुग्दै सम्पन्न गरेको जयविष्णु निर्माण सेवाका प्रोप्राइटर अनिल सिलवालले बताए । उनका अनुसार २४ महिनामा पूरा गर्नुपर्ने काम जिम्मेवारी पाएको दश महिनामा नै सम्पन्न भयो ।

गत बिहीबार बागमती प्रदेशका मुख्यमन्त्री सालिकराम जम्कट्टेलले निर्माण सम्पन्न उक्त पुलको उद्घाटन गरेका थिए । जिल्लाकै विकट बस्तीको रूपमा रहेको उर्लेनीसम्म यातायातको साधनमार्फत जान मुख्य अवरोध रहेको दोर्खु खोलामा निर्माण गरिएको पक्की पुलको उद्घाटन गर्दै मुख्यमन्त्री जम्कट्टेलले सडक व्यवस्थित बनाउन आवश्यक बजेट उपलब्ध गराउने बताए । 'विकासको लागि सडक पूवार्धार प्रमुख आवश्यकता भएकाले प्रदेश सरकारले सोहीअनुसार प्राथमिकता दिइरहेका छौँ,' उनले भने, 'ग्रामीण क्षेत्रको विकास र दुर्गमबाट सुगम यातायातको पहुँचले भिन्नता बनाउने भएकाले निर्माण गरिएको पक्की पुलमा बाह्रै महिना गाडी चलाउन जीर्ण सडकलाई व्यवस्थित गर्न क्रमशः (बहुवर्षीय) बजेट उपलब्ध गराउनेछौँ ।'

तादी गाउँपालिकाको केन्द्र खरानीटारबाट उक्त पुलसम्म पुग्न कच्ची सात किलोमिटरसहित उर्लेनीको मुख्य बस्ती काल्चे र ओखेसम्म पुग्ने सडक व्यवस्थित गर्न तीन तहको सरकारले सम्बोधन गर्नुपर्ने प्रतिनिधिसभा सदस्य हितबहादुर तामाङले उद्घाटनको अवसरमा बताए । ४१ मिटर लम्बाइको पुल बनेसँगै पालिकाको केन्द्र खरानीटारबाट प्रभुडाँडा हुँदै उर्लेनी जान अब बाह्रै महिना सहज हुने भएको छ । सो कार्यक्रममा बागमती प्रदेश सभा सदस्य राधिका तामाङ, जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख रजिन्द्रविक्रमसिंह ठकुरी, तादी गाउँपालिकाको अध्यक्ष सन्तमान तामाङ, उपाध्यक्ष सञ्जु प्याकुरेल, दुप्चेश्वर गाउँपालिका अध्यक्ष शंकर थापासहितका जनप्रतिनिधि, पुल निर्माणको ठेक्का लगाउने पूर्वाधार विकास कार्यालयका प्रमुख वीरेन्द्र बज्राचार्य, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय नुवाकोटका डिभिजन प्रमुख हरिप्रसाद गुरागाईं, तादी गाउँपालिकाको विभिन्न वडाका वडाध्यक्षले मन्तव्य राखेका थिए ।

पुल निर्माण भएपछि उर्लेनीको प्रसिद्ध कृषि सामग्री उपजलाई बजार पुर्‍याउन, स्थानीयको दैनिक उपभोग्य वस्तु खरिद गरेर लैजान र सागरकुण्ड हुँदै गोसाइँकुण्डसम्म पुग्ने पदमार्ग सञ्चालन गराउन पक्की पुलले महत्वपूर्ण योगदान पुग्ने तादी गाउँपालिका अध्यक्ष सन्तमान तामाङले बताए । पक्की पुलको निर्माणले गाउँ छाडेर सहर-बजारतर्फ जाने बसाइँसराइ रोक्न, भूकम्पपछि जोखिममा परेको उर्लेनीबाट सुरक्षित स्थानको खोजीमा रहेका पीडितलाई आफ्नै थातथलोमा अड्याउन सकिने बागमती प्रदेस सभा सदस्य राधिका तामाङले सो अवसरमा बताइन् । पुल निर्माण गर्न ठेक्का लगाएको पूर्वाधार विकास कार्यालयका प्रमुख वीरेन्द्र बज्राचार्यका अनुसार ६ करोड ९९ लाख ३९ हजारमा ठेक्का दिएको पुलको निर्माण व्यवसायीलाई पाँच करोड ६२ लाख भुक्तानी दिन बाँकी छ । दुई वर्षमा निर्माण सम्पन्न गर्न भनेर दिएको जिम्मेवारी चौध महिनाअगावै पूरा गरेसँगै सोहीअनुसार बजेट नहुँदा भुक्तानी दिन प्रदेश सरकारलाई समस्या भएको हो ।

## दरबन्दी...

पाठ्यक्रम तयार गरिएको मेयर राजन श्रेष्ठले बताए । 'आधारभूत तहका विद्यार्थीका लागि सातवटा खण्ड समेटेर पाठ्यक्रम तयार पारी लागू गरेका छौँ,' मेयर श्रेष्ठले भने, ' पाठ्यक्रमभित्र नगरपालिकाको परिचय र प्रशासनिक सेवा, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीयस्थल, नगरपालिकाको सामाजिक, सांस्कृतिक जनजीवन, कृषि, परम्परागत पेसा, स्थानीय सीप र प्रविधि, उद्योग-व्यवसाय तथा बजारीकरण, योग, परम्परागत उपचार पद्धति, स्काउट, रेडक्रस, सहकारी शिक्षा, जीवनोपयोगी सीप, सहर विकास, सुरक्षित विद्यालय वातावरण र विपत् व्यवस्थापनसम्बन्धी विषय समेटिएका छन् ।' नगरपालिकाले आधारभूत तहको स्थानीय पाठ्यक्रम हाम्रो विदुर शिक्षण सहजीकरण पुस्तिका गत शैक्षिक वर्षमै तयार पारेको भए पनि सबै विद्यालयमा अनिवार्य पठन-पाठन गराउन सकेको थिएन । चालू शैक्षिक वर्ष ०८० मा स्थानीय पाठ्यक्रम अनिवार्य लागू गर्न मेयर श्रेष्ठले कार्यपालिकाको बैठकबाट निर्णय गराएर निर्देशन दिएका छन् ।

नगरपालिकाले विगत चार वर्षदेखि सामुदायिक विद्यालयको छवि सुधारका लागि सक्रियता देखाइरहेको छ । अभिभावकको चाहनाअनुसारको कक्षा १ देखि ८ सम्म अङ्ग्रेजी माध्यमका पाठ्यपुस्तकसमेत सबै सामुदायिक विद्यालयलाई निःशुल्क उपलब्ध गराएको छ । सामुदायिक विद्यालय सुधार गर्ने योजनाअनुसार नगरपालिकाले कार्ययोजना बनाएर काम गरिरहेको छ । नगरभित्रका केही विद्यालयको पठन-पाठन प्रशंसायोग्य रहेकाले अभिभावकको रोजाइमा परेका छन् । नगरका पृथ्वी मावि, त्रिभुवन त्रिशूली मावि, भैरुम मावि, सहिद जगतप्रकाश मावि, चन्द्रज्योति मावि, चण्डेश्वरी मावि, सहिद भरत ढुंगाना स्मृति मावि, त्रिशूली आवि, सुन्दरा आवि, अन्नपूर्ण आवि, सुन्दरादेवी आविलगायत विद्यालय निजी (संस्थागत) विद्यालयमा भन्दा राम्रो पढाइ हुने भएकाले अभिभावकको रोजाइमा परेका छन् । यी विद्यालयमा विद्यार्थीको सङ्ख्या बढिरहेको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख अधिकारीले जानकारी दिए । त्रित्रि मावि, पृथ्वी मावि, सहिद जगतप्रकाश माविमा विद्यार्थीको चाप थेग्न नसक्ने गरी बढिरहेकोसमेत उनले बताए । अभिभावकले सामुदायिक विद्यालयमा गुणस्तर सुधार देखिएकाले निजी विद्यालयबाट छोराछोरी झिकेर पढाउन मरिहत्ते गरिरहेका छन् । यस वर्ष सुरु भएको विद्यालय भर्ना अभियानमा लगभग पाँच सय विद्यार्थी बढे पनि ४६ विद्यालयमा विद्यार्थीको सङ्ख्या घटेको छ । भूकम्पपछि प्रायः सबै विद्यालयमा भौतिक पूर्वाधारभित्र पर्ने भवन, फर्निचर र शिक्षक दरबन्दी लगभग पर्याप्त भए पनि ४६ विद्यालयका भर्ना अभियानमा एकजना पनि विद्यार्थी नथपिएको नगरपालिकाले जानकारी दिएको छ । प्रारम्भिक भर्नाको तथ्याङ्कअनुसार नगरपालिकाभित्रका विद्यालयमा वैशाख महिनाभित्र चार सय ५० जना नयाँ विद्यार्थी थप भएका छन् । गत ०७९ को शैक्षिक सत्रमा ११ हजार तीन सय ६३ विद्यार्थी रहेकोमा यस शैक्षिक सत्रमा १० हजार आठ सय १९ विद्यार्थी सङ्ख्या कायम छ । यस वर्ष चार सय ४७ विद्यार्थी बढे पनि गत वर्षको भन्दा ६ सय ७२ विद्यार्थी घटेका छन् ।

यस वर्ष त्रित्रि माविले एक सय २५, पृथ्वी माविले ६०, सहिद जगतप्रकाश माविले ९५, चण्डेश्वरी माविले २०, भैरुम माविले २२ सहित भरत ढुंगाना माविले ३४, त्रिशूली आविले १५, चन्द्रज्योति माविले ३४ विद्यार्थी बढाएका छन् । यस वर्ष भर्ना अभियानको प्रारम्भिक विवरणअनुसार भैरवी माविमा १०, रणभुमेश्वर माविमा २०, क्षेत्रपाल आविमा १०, च्वाडी पब्लिक माविमा ९७, बच्छलादेवी माविमा ३३, भैरम माविमा २०, शुलक्षणा माविमा २३, सुन्दरा क्यौरेनी माविमा २८, सिंहदेवी आविमा २०, शान्ति कल्याण आविमा २५, सिद्धेश्वर आविमा २५, महेन्द्र माविमा २२, तिनधारे-पीपलडाँडा माविमा ३७, वीरेन्द्र माविमा ६३, संसारीदेवी आविमा २०, सिर्जना आविमा ३०, अजिङ्गरे माविमा १३, बागेश्वरी आविमा ३४, कन्यादेवी आविमा १८ सहित ४६ विद्यालयमा विद्यार्थी घटेका छन् । यस शैक्षिक सत्रमा नगरमा रहेका केही विद्यालयले विद्यार्थीको चाप थेग्न सकेनन् भने केही विद्यालयमा विद्यार्थी सङ्ख्या घटेकोले तह घटुवा र शिक्षक मिलान गर्नुपर्ने अवस्था रहेको छ । नगरपालिकाले विद्यार्थी घटेका ४६ विद्यालयबारे कार्यदल बनाएर अध्ययन गरिरहेको छ । अध्ययन प्रतिवेदन आएपछि अवस्था हेरेर दरबन्दी मिलान, विद्यालयको तह घटाउनेदेखि विद्यालय समायोजन गर्ने जानकारी उपमेयर प्रभा बोगटीले दिइन् ।

## बेलकोटगढी...

एक सय ३० दिनभित्र तीन थान एम्बुलेन्स नगरपालिकाको कार्यालय बाघखोरमा ल्याएर हस्तान्तरण गर्नुपर्नेछ ।

अहिले जनप्रतिनिधिका रूपमा माओवादी केन्द्र र नेपाली काङ्ग्रेसले गठबन्धन गरेर निर्वाचित भएको नगरप्रमुख जगतबहादुर गुरुङ र उपप्रमुख शिवप्रसाद दाहाल रहेका छन् । ग्रामीण क्षेत्र, यातायातको सहज पहुँच नभएको, पालिकाभित्र सञ्चालित एम्बुलेन्सको सेवा प्रभावकारी नभएको निष्कर्षसहित नगरवासीलाई सेवा दिने उद्देश्यले आधा दर्जन एम्बुलेन्स खरिद गर्ने लक्ष्य लिएकोमा तत्काले तीन थान एम्बुलेन्स ल्याउन लागिएको उपप्रमुख दाहालले *त्रिशूली प्रवाह साप्ताहिक*लाई बताए ।

## रसुवागढी...

संयुक्त टोलीले फिल्ड सर्भे गरेपछि सम्भाव्यता अध्ययन प्रक्रिया अगाडि बढाउने सम्बन्धमा छलफल गरिने रेल विभागले जनाएको छ ।

प्राविधिक टोलीले सुरुमा रसुवागढीदेखि काठमाडौंसम्म हाल सञ्चालनमा रहेको सडकमार्गको दूरी नापिरहेको छ । प्रारम्भिक अध्ययनअनुसार यसको सम्भाव्यता अध्ययन सक्न ४२ महिना लाग्नेछ । यसअघि गरिएको पूर्वसम्भाव्यता अध्ययनमा प्रारम्भिक विषय मात्र आएकाले अब हुने सम्भाव्यता अध्ययनबाट रेलमार्गको वास्तविक दूरीसहित लागत, कहाँ-कहाँ सुरुङ बन्ने, आवश्यक पुल र त्यसको उचाइ, स्टेसनलगायतको तथ्याङ्क यथार्थ आउने लक्ष्य राखिएको छ । ०७८ चैतमा काठमाडौं-केरुङ रेलमार्गको सम्भाव्यता अध्ययन गर्न दुई देशबीच औपचारिक सहमति भएको थियो ।

# पालिकालाई घर-टहरा हटाउन निकुञ्जको पत्र

छहरे/ शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयले मध्यवर्ती क्षेत्रभित्रका अतिक्रमण गरी बनाइएका संरचना हटाउन नुवाकोट-शिवपुरी गाउँपालिका शेराबगरको नामलाई पत्र काटेको छ ।

शिवपुरी गाउँपालिकाका वडा नं. १, २, ३, ४, ६, ७ र ८ का केही भाग निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने भएकाले र ती वडाका सार्वजनिक, सरकारी जग्गामा अनधिकृत तवरले घर, टहरा बनाई अतिक्रमण गरी बसिरहेको जनगुनासोपछि निकञ्जुको कार्यालयले वैशाखमा गाउँपालिकालाई अतिक्रमण हटाउनेबारे पत्र पठाएको हो । पत्रमा शिवपुरी गाउँपालिकाका वडालाई समेत बोधार्थ लेखिएको छ । मध्यवर्ती क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गामा भएको अतिक्रमणजन्य कार्य मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ र शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावलीअनुसार निषेधित कार्यमा पर्न गई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ समेत आकर्षित हुने देखिएको छ ।

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत लक्ष्मणप्रसाद पौड्यालका अनुसार गाउँपालिकालाई लेखेको पत्रमा निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने त्यहाँ गाउँपालिकाअन्तर्गतका वडाका सरकारी, सार्वजनिक क्षेत्रमा अतिक्रमण गरी बनाइएका घर-टहरामा जडान भएका धारा, बिजुलीका लाइन काट्ने र त्यस स्थानमा कसैले चियापसललगायतका व्यवसाय गर्न स्वीकृत लिएको भए त्यसको समेत खारेज गरी अतिक्रमण भएको क्षेत्र खाली गर्न आग्रह गरेको छ ।

यसैबीच शिवपुरी गाउँपालिका वडा नम्बर-१ का अध्यक्ष सुकुराम तामाङले सार्वजनिक जग्गा अनधिकृत रूपमा व्यक्तिले कब्जा गरिएको जानकारी भएमा समन्वय गरिदिन गाउँवासीसँग आग्रह गरेका छन् । उनले सामाजिक सञ्जालमा लेख्दै अनधिकृत संरचना पाइए सम्बन्धित निकायबाट उचित छानबिन गरेर समस्याको हल खोजिने पनि प्रतिबद्धता जनाएका छन् ।

# राष्ट्रिय स्वतन्त्र पार्टीद्वारा विदुर र बेलकोटगढीमा समिति गठन

बट्टार/ राष्ट्रिय स्वतन्त्र पार्टी नुवाकोटले विदुर र बेलकोटगढी नगरपालिकाको संयुक्त भेला शनिबार सम्पन्न गरेको छ । उक्त भेलाले दुवै नगरपालिकाको सङ्गठन समिति गठन गरेको छ । नुवाकोट जिल्ला संयोजक रामेश्वर गजुरेलको सभापतित्वमा भएको उद्घाटन कार्यक्रमको सञ्चालन जिल्ला सहसंयोजक शरण महतले गरेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय उपसभापति डिपी अर्याल प्रमुख अतिथि रहेको उक्त कार्यक्रमको उद्घाटन विदुर नगरपालिका- २ की ७७ वर्षीया वृद्धा लक्ष्मी थापामगरले घन्टी बजाएर गरेकी थिइन् ।

दुवै नगरपालिकामा यसभन्दा अगाडि नगर संयोजक र वडा संयोजक मात्र रहेका थिए । उक्त भेलाले भरतबहादुर थापामगरको सभापति रहेको १७ सदस्यीय विदुर नगरसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपसभापतिमा राम खतिवडा, सचिवमा रामप्रसाद रिमाल, कोषाध्यक्षमा उषा डङ्गोल र सदस्यमा भानु पाण्डे विनपा- १, ईश्वरकुमार डङ्गोल विनपा- २, दीपक ढुङ्गाना विनपा- ३, रूपेशसिंह राजपुत विनपा- ४, जोनी जेके विनपा- ५, अभय डङ्गोल विनपा- ६, नारायणप्रसाद नेपाल विनपा- ७, दीपक रिमाल विनपा- ८, राजेन्द्र मिजार विनपा-९, आयुश




रिजाल विनपा- १०, उत्तम अगस्ती विनपा- ११, राजकुमार रिमाल विनपा- १२ र वीरबहादुर तामाङ विनपा- १३ सदस्य रहेका छन् ।

त्यसैगरी, उक्त संयुक्त भेलाले बेलकोटगढी नगर समितिको सभापतिमा कृष्णप्रसाद पन्तलाई विधानअनुसार चयन गरेको छ । समितिको उपसभापति पछि चयन गर्ने गरी सचिवमा रामप्रसाद लामिछाने, कोषाध्यक्षमा सुदीप सापकोटा र सदस्यमा सन्देश न्यौपाने, लुम्वणीप्रसाद सुवेदी, प्रह्लाद न्यौपाने, राजेन्द्र दाहाल, ठाकुरप्रसाद गजुरेल, निरू ढुङ्गाना, भुवनप्रसाद गजुरेल, गोविन्द तिवारी र भैरवप्रसाद लोहनी चयन भएका छन् । जिल्ला समितिसँग समन्वय गरेर बाँकी चार सदस्य र उपसभापति पछि चयन गर्ने समितिका सचिव रामप्रसाद लामिछानेले त्रिशूली प्रवाह साप्ताहिकलाई जानकारी दिए ।

बट्टारमा सम्पन्न विदुर र बेलकोटगढी नगरपालिकाको संयुक्त भेलालाई राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय उपसभापति डिपी अर्याल, संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठ, केन्द्रीय सदस्य रामकृष्ण भट्टराई, बागमती प्रदेश समितिका सभापति डा. अच्युतम लामिछाने, डा. प्रणय राणा, रमेश खरेल, गत प्रतिनिधिसभा सदस्य निर्वाचनमा नुवाकोटको क्षेत्र नं. २ का प्रत्याशी उम्मेदवार सुमन पाण्डे, नुवाकोटको प्रतिनिधिसभा क्षेत्र नं. १ का प्रत्याशी उम्मेदवार डा. प्रद्युम्न महतलगायतको उपस्थिति रहेको थियो । भेलाको दोस्रो सत्र (बन्द सत्र)को सहजीकरण शरण महत र रमेश राजभण्डारीले गरेर बेलकोटगढी र विदुर नगरको समिति सर्वसम्मत चयन भएको थियो ।

जिल्लाकै पुरानो कम्प्युटर, प्रिन्टर र ल्यापटपको बिक्री र मर्मत पसल

युनिभर्सल कम्प्युटर्स
बिदुर, लोकतान्त्रिक चौतारो, नुवाकोट
०१०५६१३५४, ९८४१८५३८१०, ९८४१६१००२२

'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती सुन्दैन त्यो'

**हार्दिक समवेदना**



जन्म
२०३०/०६/२८

स्वर्गारोहण
२०८०/०१/२३

यस क्लबका सदस्य श्री शपथराज श्रेष्ठकी ममतामयी माता **लक्ष्मी श्रेष्ठ**को अकल्पनीय तथा असामयिक स्वर्गारोहण भएको आज १२औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

सरोज डङ्गोल
*अध्यक्ष* एवम्
**नुवाकोट युवा क्लब परिवार**

'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती सुन्दैन त्यो'

**हार्दिक समवेदना**



जन्म
२०३०/०६/२८

स्वर्गारोहण
२०८०/०१/२३

यस एसोसिएसनका साधारण सदस्य श्री रामचन्द्र श्रेष्ठकी धर्मपत्नी **लक्ष्मी श्रेष्ठ**को अकल्पनीय तथा असामयिक स्वर्गारोहण भएको आज १२औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

| उत्तमराज पाण्डे | सुशीला वाइबा तामाङ | रुकबहादुर हमाल |
|---|---|---|
| *अध्यक्ष* | *कोषाध्यक्ष* | *सचिव* एवम् |

**नेपाल लेखापढी कानुन व्यवसायी एसोसिएसन**
जिल्ला समिति नुवाकोट परिवार




# रसुवागढी–काठमाडौं भूमिगत रेलमार्गको अध्ययन सुरु

विदुर/ उत्तरी छिमेकी देश चीनको सहयोगमा रसुवागढीदेखि काठमाडौंसम्म भूमिगत रेलमार्ग बनाउन स्थलगत अध्ययन सुरु भइरहेको छ। पहिलो चरणमा चिनियाँ पक्षका प्राविधिकले स्थलगत अध्ययन सुरु गरेका छन्।

चीन सरकारको अनुदानमा केरुङबाट रसुवागढी हुँदै काठमाडौंसम्म ७२.५ किलामिटर लम्बाइको रेलमार्गको सुरुङमार्गको अध्ययन भइरहेको रेल विभागले जनाएको छ। तीन खर्ब लागतमा निर्माण हुने सुरुङमार्गको ९२ प्रतिशत संरचना भूमिगत रहने रेल विभागका महानिर्देशक रोहितकुमार बिसुरालले जानकारी दिए। चाइना रेल्वे फर्स्ट सर्भे एन्ड डिजाइन इन्स्टिच्युटको टोली स्थलगत सर्भेमा रहेको महानिर्देशक बिसुरालले बताए। लागत, प्राविधिक, मेसिन, उपकरण सबै चीनको रहने सो आयोजनाका लागि ४२ महिनाको सम्झौता गरिएकोमा चार महिनाको समय पूरा भइसकेको छ। चीन र नेपालको...बाँकी ५ पेजमा

## हार्दिक बधाई

यस सहकारी संस्थाका सेयर सदस्य श्री सविन राजभण्डारीज्यू हालै सम्पन्न नुवाकोट उद्योग वाणिज्य सङ्घको १८औँ वार्षिक साधारणसभा तथा ११औँ अधिवेशनबाट सदस्य पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालका लागि उहाँसहित सङ्घका नवनिर्वाचित सम्पूर्ण कार्यसमितिलाई शुभकामना व्यक्त गर्दछौं।



कुमारमान मलेकु
*अध्यक्ष* एवम्

**साँघु बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**

विनपा–१, त्रिशूली, नुवाकोट

## तेस्रो आँखा

*नागरिकलाई अनागरिक बनाउने र नेपालको अन्तर्राष्ट्रिय छवि तथा स्वाभिमान धमिल्याउनेहरुले रचेका नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषीलाई कारबाही र उम्काउन दबाब र प्रभावको प्रतिस्पर्धा! नुवाकोटको जेठो क्याम्पस भने डेढ वर्षदेखि असम्बन्धित व्यक्तिहरुको रजगजले रसातलमा! अदालतले विधानसम्मत् क्याम्पस सञ्चालन गर्न परमादेश आदेश गरे पनि नक्कली भुटानी शरणार्थी प्रकरणका खाण र राममाीजस्ता पात्र क्याम्पसमा सक्रिय हुँदा अदालतको धज्जी उडाउँदै पूर्णपाठ गायब! समुदायको रगत, पसिनाबाट सञ्चालित क्याम्पसमा अदालतको पूर्णपाठ गायब भएपछि खैलाबैला! डेढ वर्षमा तीन अवैध क्याम्पसप्रमुख नियुक्ति हुँदा वैधानिक क्याम्पसप्रमुख पाण्डे भने डेढ वर्षदेखिको तलब लिन राजीनामा गर्न दबाब थेग्दै!*

## लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

*यी लोकतन्त्रका विशेषता हुन्, यिनको अवलम्बन गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड







